# गौरीगंज गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गौरीगंज झापा
## १ नं. प्रदेश, नेपाल

आर्थिक ऐन, २०७५

गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

गाउँ सभाबाट पारित : २०७५/०३/२५

**प्रस्तावना :**

गौरीगञ्ज गाउँपालिकाको आर्थिक वर्ष : २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शूल्क संकलन गर्ने, छूट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वान्छनीय भएकोले नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम गौरीगञ्ज गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**
(१) यस ऐनको नाम **"गौरीगञ्ज गाउँपालिकाको आर्थिक ऐन, २०७५** रहेको छ ।
(२) यो ऐन २०७५ साउन १ गतेदेखि गौरीगञ्ज गाउँपालिकाको क्षेत्रमा लागू हुनेछ ।

२. **एकिकृत सम्पत्ति कर :**
गौरीगञ्ज गाउँपालिका क्षेत्रभित्र एकिकृत सम्पत्ति कर असूली सम्बन्धि तयारी पूरा नभएको हुँदा हाललाई एकिकृत सम्पत्ति करको व्यवस्थापन नभएकोले अनुसूची- १ मा उल्लेख भएको घरधुरीको दररेटलाई नै घरजग्गा करको रुपमा असूल गरिनेछ ।

३. **मालपोत :**
गौरीगञ्ज गाउँपालिका क्षेत्रभित्र रहेका जग्गाको अनुसूची- २ मा उल्लेख भएको दररेटमा मालपोत असूल गरिनेछ ।

४. **घर बहाल कर :**
गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहाल (भाडा) मा दिइएकोमा मासिक २% (दुई प्रतिशत)को दरले घर बहाल कर असूल गरिनेछ ।

५. **बहाल बिटौरी कर :**
गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका हाट, बजार, पसलमा कोठाको प्रकृति हेरी प्रतिकोठा न्यूनतम् ५००।- देखि अधिकतम् १०,०००।- सम्म बहाल बिटौरी कर असूल गरिनेछ ।

६. **स्वास्थ्य सेवा कर :**
गाउँपालिका क्षेत्रभित्र सञ्चालित नीजि स्वास्थ्य संस्था, क्लिनिक आदिबाट अनुसूची- ३ मा उल्लिखित दररेटमा बार्षिक स्वास्थ्य सेवा कर असूल गरिनेछ ।

७. **शिक्षण सेवा शुल्क :**
गाउँपालिका क्षेत्रभित्र सञ्चालित नीजि शिक्षण संस्थाहरुबाट अनुसूची- ४ मा उल्लिखित दररेटमा वार्षिक सेवा शुल्क असूल गरिनेछ ।

८. **सवारी साधन कर (सवारी दर्ता, वार्षिक सवारी कर, पटके कर) :**
गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची- ५ मा उल्लिखित दररेटमा सवारी साधन कर लगाई असूल गरिनेछ ।

९. **विज्ञापन कर :**

गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची- ६ बमोजिम विज्ञापन कर लगाई असूल गरिनेछ।

१०. **व्यवसाय रजिष्ट्रेसन दस्तूर (दर्ता तथा नवीकरण दस्तूर) :**
गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूजीगत लगानी र आर्थिक कारोबारको आधारमा अनुसूची- ७ बमोजिमको दररेटमा व्यवसाय रजिष्ट्रेसन दस्तूर असूल गरिनेछ।

११. **रेडियो, एफ.एम. सञ्चालन दस्तूर :**
गाउँपालिका क्षेत्रभित्र सञ्चालन भएका रेडियो, एफ.एम.बाट वार्षिक रु. ५,०००।- असूल गरिनेछ।

१२. **कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक शुल्क :**
गाउँपालिका क्षेत्रमा सञ्चालन भएका कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा अनुसूची- ८ बमोजिमको दररेटमा वार्षिक शुल्क असूल गरिनेछ।

१३. **न्यायिक दस्तूर :**
गाउँपालिकामा रहेको न्यायिक समितिबाट मुद्धा दर्ता एवं मिलापत्र गरेवापत अनुसूची- ९ बमोजिम दस्तूर असूल गरिनेछ।

१४. **अन्य प्रशासनिक सेवा शुल्क :**
गाउँपालिका क्षेत्रभित्र अन्य प्रशासनिक सेवा शुल्कवापत अनुसूची- १० बमोजिमको दररेटमा सेवा शुल्क असूल गरिनेछ।

१५. **पार्किङ्ग शूल्क :**
गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत अनुसूची- ११ बमोजिम पार्किङ्ग शूल्क असूल गरिनेछ।

१६. **सिफारिश दस्तूर :**
गाउँपालिकाले प्रदान गर्ने विभिन्न सेवा, सुविधावापत अनुसूची- १२ बमोजिमको दररेटमा सिफारिश दस्तूर असूल गरिनेछ।

१७. **व्यक्तिगत घटना दर्ता दस्तूर :**
जन्म, मृत्यु, विवाह, बसाईं सराइ र सम्बन्ध बिच्छेदको व्यक्तिगत घटना (पञ्जिकरण) दर्ता गरेवापत ३५ दिन पछि प्रति दर्ता रु. २००।- दस्तूर असूल गरिनेछ।

१८. **नाता प्रमाणित दस्तूर :**
नाता प्रमाणित वापत अनुसूची- १३ बमोजिमको दस्तूर असूल गरिनेछ।

१९. **कर छूट :**
यस ऐनबमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थालाई कुनै पनि किसिमको कर छूट दिइने छैन।

२०. **कर तथा शूल्क संकलन सम्बन्धी कार्यविधि :**
यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शूल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोकेबमोजिम हुनेछ।

अनुसूची- १

(बुँदा
नम्बर २ सँग सम्बन्धित)

**घरजग्गा करको दररेट**

| कर शीर्षक | करको विवरण | दररेट रु. | कैफियत |
|---|---|---|---|
| | भुई घर फुसको छानो | ३० | |
| | भुई घर टिनको छानो | ५० | |
| | टाडे घर काठको सेन्टर बेरा टिनको छाना भएको | १०० | |
| | अर्धपक्की घर | १५० | |
| | एक तल्ले पक्का घर | २५० | |
| | आर.सि.सि. पक्की घर दुइ तल्ले | ३०० | |
| | आर.सि.सि. पक्की घर दुइ तल्ले माथि | ५०० | |

अनुसूची- २
(बुँदा नम्बर ३ सँग सम्बन्धित)

**मालपोतको दररेट**

| कर शीर्षक | करको विवरण | दररेट रु. | |
|---|---|---|---|
| | | ग्रामीण क्षेत्र | बजार क्षेत्र |
| ११३१४ | क्षेत्रफल १-१०-० सम्म, प्रति कठ्ठा | १५ | २५ |
| | क्षेत्रफल १-१०-० देखि माथि | २५ | ३० |
| साविक गौरीगंजको घडेरीतर्फ वडा नं. ५, ६ र ७ प्रति कठ्ठा रु. ५०।०० | | | |

अनुसूची- ३
(बुँदा नम्बर ६ सँग सम्बन्धित)

**स्वास्थ्य सेवा करको दररेट**

| कर शीर्षक | करको विवरण | दररेट रु. | कैफियत |
|---|---|---|---|
| ११४४२ | **स्वास्थ्य सेवा कर** | | |
| | क) ल्याबसहितको क्लिनिक सेवा | ४०००.०० | वार्षिक |
| | ख) क्लिनिक सेवा | २०००.०० | वार्षिक |
| | ग) फार्मेसी सेवा | २०००.०० | वार्षिक |
| | घ) ल्याब सेवा | १०००.०० | वार्षिक |
| | ङ) नीजि अस्पताल | १००००.०० | |

अनुसूची- ४

(बुँदा
नम्बर ७ सँग सम्बन्धित)

**शिक्षण सेवा शुल्कको दररेट**

| कर शीर्षक | करको विवरण | दररेट रु. | कैफियत |
|---|---|---|---|
| ११४४३ | **शिक्षण सेवा शुल्क (शैक्षिक संस्था) नीजि विद्यालय** | | |
| | क) पूर्व प्राथमिक | १०००.०० | वार्षिक |
| | ख) आधारभूत | १५००.०० | वार्षिक |
| | ग) माध्यमिक | २०००.०० | वार्षिक |
| | घ) क्याम्पस | ३०००.०० | वार्षिक |
| | ङ) प्राविधिक शिक्षा संस्था | ५०००.०० | वार्षिक |

अनुसूची- ५
(बुँदा नम्बर ८ सँग सम्बन्धित)

**सवारी साधन करको दररेट**

| कर शीर्षक | करको विवरण | दररेट रु. | कैफियत |
|---|---|---|---|
| ११४५१ | **सवारी साधन कर (सवारी दर्ता, वार्षिक सवारी कर, पटके कर)** | | |
| | क) दर्ता शुल्क : मानवबाट चल्ने रिक्सा, ठेला | २००.०० | |
| | ख) दर्ता शुल्क :इन्जिन/ब्याट्रीबाट चल्ने रिक्सा, ठेला | ३००.०० | |
| | ग) जीप, कार दैनिक शुल्क | १०.०० | |
| | घ) मिनी बस, मिनी ट्रक दैनिक शुल्क | १५.०० | |
| | ग) ट्याक्टर दैनिक शुल्क | १५.०० | |
| | घ) बस, ट्रक, लहरी दैनिक शुल्क | २०.०० | |
| | ङ) मवेशी गाडी ठूलो ट्रक प्रति ट्रिप | ५००.०० | |
| | च) मवेशी गाडी मिनी ट्रक प्रति ट्रिप | ३००.०० | |
| | छ) मवेशी गाडी पिकअप, भ्यान प्रति ट्रिप | २००.०० | |

अनुसूची- ६
(बुँदा नम्बर ९ सँग सम्बन्धित)

**विज्ञापन करको दररेट**

| कर शीर्षक | करको विवरण | दररेट रु. | कैफियत |
|---|---|---|---|
| ११४७२ | **विज्ञापन कर** | | |
| | क) लाभको उद्धेश्य राखी व्यापार, व्यवसाय, संघसंस्थाले राखेका होर्डिङ्ग बोर्ड प्रति वर्ग फिट | ३०.०० | वार्षिक |

| | | | |
|---|---|---|---|
| | ख) सेवामूलक, सन्देशमूलक बोर्ड प्रति वर्गफिट | १५.०० | वार्षिक |
| | ग) तुल, व्यवसायिक ब्यानर प्रति वर्गफिट | ५.०० | वार्षिक |
| | घ) बिजुलीका पोलमा गरिने विज्ञापन प्रति पोल | २५.०० | वार्षिक |

अनुसूची- ७

(बुँदा नम्बर १० सँग सम्बन्धित)

**व्यवसाय रजिष्ट्रेसन दस्तूर (दर्ता तथा नवीकरण दस्तूर) को दररेट**

| कर शीर्षक | करको विवरण | दररेट रु. | कैफियत |
|---|---|---|---|
| ११६१३ | **व्यवसाय रजिष्ट्रेशन दस्तूर (दर्ता तथा नवीकरण दस्तूर)** | | |
| | **(क) व्यवसाय दर्ता दस्तुर :** | | |
| | चामल, चिउरा, भूजा ठुला उद्योग | ५०००.०० | |
| | चामल, चिउरा, भुजा आदि खाद्यपदार्थ उत्पादन गर्ने मझौला उद्योग (प्रति आइटम) | १५००.०० | |
| | चामल, चिउरा, भुजा आदि खाद्यपदार्थ उत्पादन गर्ने साना उद्योग | १०००.०० | |
| | **(ख) नवीकरण तथा वार्षिक व्यवसाय शुल्क (उद्योग, कलकारखाना, होटल, पसल आदिमा पूजीको आधारमा)** | | |
| | एकलाख सम्म पूजी | ५००.०० | |
| | एकलाख देखि पाँचलाखसम्म | १०००.०० | |
| | पाँचलाख एकदेखि दश लाखसम्म | १५००.०० | |
| | दश लाख एकदेखि पच्चीस लाखसम्म | २०००.०० | |
| | पच्चीस लाख एकदेखि एक करोडसम्म | ४०००.०० | |
| | एक करोड एकदेखि पाँच करोडसम्म | ७५००.०० | |
| | पाँच करोड माथि | २००००.०० | |
| | **(ग) अन्य व्यवसाय वार्षिक शुल्क** | | |
| | लेखा परीक्षण फर्म | १०००.०० | |
| | कानुनी परामर्श सेवा | १०००.०० | |
| | नोटरी पव्लिक व्यवसाय | १०००.०० | |
| | नीजि बैंक (वाणिज्य, विकास बैंक) | १००००.०० | |
| | लघु वित्त | ७०००.०० | |
| | बहुउद्धेश्यीय, बचत तथ ऋण सहकारी | ५०००.०० | |
| | सेवामूलक संस्था, महिला तथा कृषि सहकारी | २०००.०० | |
| | पाउरोटी उद्योग | ५००.०० | |
| | बरफ तथा जूस उद्योग | १०००.०० | |

# गौरीगंज गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गौरीगंज झापा
### १ नं. प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | चाउचाउ, विस्कुट, कन्फेन्सनरी | १०००.०० | |
| | डिल्टीलरी (पेय पदार्थ) | ५०००.०० | |
| | जडीबुटी प्रशोधन | १०००.०० | |
| | जुत्ता चप्पल उद्योग | २०००.०० | |
| | सलाइ उद्योग | २०००.०० | |
| | प्लाइ उद्योग | ३०००.०० | |
| | काष्ठ उद्योग | १०००.०० | |
| | स मिलसहितको काष्ठ उद्योग | २५००.०० | |
| | फर्निचर उद्योग | २०००.०० | |
| | स मिल | १५००.०० | |
| | बेत-बाँस फर्निचर | ५००.०० | |
| | प्लाष्टिक उद्योग | ५०००.०० | |
| | स्टेशनरी उद्योग | २०००.०० | |
| | ग्रील उद्योग | २०००.०० | |
| | गलैचा उद्योग | २०००.०० | |
| | गारमेन्ट उद्योग | ५०००.०० | |
| | इटा उद्योग | १५०००.०० | |
| | सिमेन्ट ब्रिक उद्योग | २५००.०० | |
| | तामा तथा आल्मुनियम उद्योग | ५०००.०० | |
| | प्रेसबाहेक प्रिन्टिङ्ग | १०००.०० | |
| | चुरोट बिडी उद्योग | ५०००.०० | |
| | लुब्रिकेन्ट्स उद्योग | १००००.०० | |
| | छापाखाना | ५०००.०० | |
| | पेट्रोल पम्प | ५०००.०० | |
| | ब्यूटीपार्लर | ५००.०० | |
| | कुटानी, पिसानी, पेलानी मिल | १०००.०० | |
| | मोबाइल/टेलिफोन टावर (नेपाल टेलिकम) | १००००.०० | |
| | मोबाइल टावर (एन.सेल.) | १५०००.०० | |
| | वाइफाइ नेटवर्क सेवा | ३०००.०० | |
| | केबुल नेटवर्क | २०००.०० | |

| | | | |
|---|---|---|---|
| | डिक्सहोम (डिजीटल, एनालग सेवा प्रदायक) | ५०००.०० | |

अनुसूची- ८
(बुँदा नम्बर १२ सँग सम्बन्धित)

**कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक दररेट**

| कर शीर्षक | करको विवरण | दररेट रु. | कैफियत |
|---|---|---|---|
| ११६३१ | **कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने शुल्क** | | |
| | गाइ, भैसीपालन व्यवसाय | २०००.०० | |
| | कुखुरापालन व्यवसाय | १०००.०० | |
| | माछापालन व्यवसाय | २०००.०० | |
| | मौरीपालन व्यवसाय | ५००.०० | |
| | च्याउखेती व्यवसाय | ५००.०० | |
| | बाख्रापालन व्यवसाय | १०००.०० | |
| | बहुउद्धेश्यीय कृषि व्यवसाय | ५०००.०० | |
| | मलखाद पसल | १०००.०० | |
| | चिया फर्म/चिया प्रशोधन केन्द्र | २५००.०० | |
| | पशुआहार पिलेट दाना | १०००.०० | |
| | पशु आहार सामान्य | ५००.०० | |
| | भेटनरी सेवा | १०००.०० | |

अनुसूची- ९
(बुँदा नम्बर १३ सँग सम्बन्धित)

**न्यायिक दस्तूरको दररेट**

| कर शीर्षक | करको विवरण | दररेट रु. | कैफियत |
|---|---|---|---|
| १४२२१ | **न्यायिक दस्तुर** | | |
| | मुद्धा दर्ता दस्तुर | १००.०० | |
| १४२४१ | मिलापत्र दस्तुर (दुवै पक्षबाट आधा-आधा) | १०००.०० | |

गौरीगंज गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौरीगंज झापा
१ नं. प्रदेश, नेपाल


अनुसूची- १०

(बुँदा नम्बर १३ सँग सम्बन्धित)

**अन्य प्रशासनिक सेवा शुल्कको दररेट (विविध सेवा शुल्कसमेत)**

| कर शीर्षक | करको विवरण | दररेट रु. | कैफियत |
|---|---|---|---|
| | **(क) हाट बजार कर** | | |
| | चिया नास्ता दही चिउरा पसल | १० | |
| | मनिहारी पसल | १५ | |
| | किराना पसल ठुलो | १५ | |
| | किराना पसल सानो | १० | |
| | कपडा पसल, जुत्ता चप्पल पसल | १० | |
| | रेडिमेड कपडा पसल | १५ | |
| | खाद्यान्न फलफुल पसल | १० | |
| | फलफुल तरकारी पसल | १० | |
| | ढोको ढाकी नाङ्गलो चित्रा पसल (कुचो चोया) | १० | |
| | माछा पसल | २० | |
| | सिद्रा पसल | १० | |
| | कुखुरा खसी संगुर बुंगुर मासु पसल | १५ | |
| | कपडा जुत्ता सिउने पसल | १० | |
| | फलफुल विरुवा पसल | १० | |
| | खाली बोरा झल्ला बेच्ने पसल | १० | |
| | चना चटपट्टे बेच्ने पसल | १० | |
| | बिस्कुट साबुन पसल | १० | |
| | खैनी बिडि चुरोट पसल | १० | |
| | धान काटा चट्टी पसल | १५ | |
| | थाल भांडा पसल | १५ | |
| | बोरा सब्जी पसल | १० | |
| | पापड ढुंग्री पसल | ५ | |
| | फोटो पसल | १० | |
| | पान पसल | १० | |
| | सैलुन पसल | १० | |
| | छाला पसल | १० | |
| | सर्वणकार सुनचाँदी पसल | २० | |

| | | | |
|---|---|---|---|
| | तरकारी बिउ बिजन पसल | १० | |
| | साईकल ममर्त पसल | १० | |
| | टेलर मास्टर | १० | |
| | माटोको भाडा पसल | १० | |
| | घडी रेडियो लाइटर टर्च पसल | १० | |
| | जडिबुटी पसल | १० | |
| | चुरा औठी पसल | १० | |
| | ढाकी सब्जी पसल | ५ | |
| | फलामको सामान बेच्ने पसल | १० | |
| | बास बिकी पसल | १५ | |
| | **(ख) डुङ्गा महसूल** | कन्काइ र रतुवा खोला | किस्नी खोला |
| | प्रति व्यक्ति | २० | १० |
| | प्रति व्यक्ति र साइकल | ३० | २० |
| | प्रति व्यक्ति र मोटरसाइकल | ५० | ३० |
| | **(ग) सडक मर्मतसम्भार सेवा शुल्क** | | |
| | **(१) बजार व्यवस्थापन वापत** | | |
| | धान प्रति मन | १.६ | |
| | चामल प्रति मन | २ | |
| | मकै प्रति मन | १.६ | |
| | कोदो प्रति मन | १ | |
| | खुदी कनिका (धान) प्रति मन | १.५ | |
| | गहु प्रति मन | २ | |
| | **२. बजार सफाइ वापत** | | |
| | राँगा/भैसी/गौरु प्रति गोटा | ३० | |
| | बाखा/खसी/बोका | १० | |
| | **३. बजार व्यवस्थापन वापत** | | |
| | पाटा प्रति मन | २ | |
| | बरान्ड प्रति मन | २ | |
| | तोरी प्रति मन | ४ | |
| | आलस/खल्ली/पिना प्रति मन | २ | |

| | | | |
|---|---|---|---|
| | फापर प्रति मन | २ | |
| | वेसार प्रति मन | ७ | |
| | सुर्ती प्रति मन | २५ | |
| | खसीको छाला प्रति गाडी | ५ | |
| | माटोको भाडा प्रति गोटा | ५ | |
| | झल्ला प्रति गोटा | १ | |
| | आलु/प्याज प्रति मन | २ | |
| | हास/कुखुरा प्रति गोटा | १ | |
| | कुचो/ढाकी/नाङ्लो प्रति गोटा | ०.५ | |
| | नास्पाती प्रति के.जी. | ०.५ | |
| | हरेक माल प्रति साइकल | १० | |
| | खाली टिन प्रति गोटा | ०.५ | |
| | डोरी/पगाहा प्रति सय | १० | |
| | ठुलो खाली बोत्तल प्रति गोटा | ०.५ | |
| | मझौला खाली बोतल प्रति गोटा | ०.२ | |
| | सानो खाली वोतल प्रति गोटा | ०.१ | |
| | रागाँको छाला प्रति गोटा | १० | |
| | आलुको विउ प्रति मन | २.५ | |
| | दाउरा प्रति ट्रक | २०० | |
| | दाउरा प्रति ट्र्याक्टर | १०० | |
| | दाउरा प्रति राँगा गाडी | ३० | |
| | दाउरा प्रति गोरु गाडी | १० | |
| | सुकेको खुर्सानी प्रति मन | १० | |
| | काँचो खुर्सानी प्रति मन | २ | |
| | धनियाँ/लसुन | ५ | |
| | अदुवा प्रति मन | ५ | |
| | सुपारी प्रति मन | ४० | |
| | प्याज प्रति मन | १ | |

| | | | |
|---|---|---|---|
| | हाड, खुर, प्रति गाडी | १० | |
| | चिउरा प्रति गाडी | २ | |
| | चिउराको कनिका/खुदी प्रति मन | १.५ | |
| | गा.वि.स. को स्वामित्वमा रहेको पट्टावाला जग्गाको किनवेचमा सहजीकरण गरेवपात सेवा शुल्क सयकडा | ७ | |

अनुसूची- ११

(बुँदा नम्बर १५ सँग सम्बन्धित)

**पार्किङ्ग शुल्कको दररेट**

| कर शीर्षक | करको विवरण | दररेट रु. | कैफियत |
|---|---|---|---|
| १४२४१ | **पार्किङ्ग शुल्क** | | |
| | अटो रिक्सा/इ रिक्सा/रिक्सा | १०.०० | |
| | जीप, कार | १५.०० | |
| | मिनी बस, मिनी ट्रक | २०.०० | |
| | ट्याक्टर | २०.०० | |
| | बस, ट्रक, लहरी | २५.०० | |

अनुसूची- १२

(बुँदा नम्बर १६ सँग सम्बन्धित)

**सिफारिश दस्तूरको दररेट**

| कर शीर्षक | करको विवरण | दररेट रु. | कैफियत |
|---|---|---|---|
| १४२४३ | **सिफारिश दस्तुर** | | |
| | व्यवसाय बन्द | ५००.०० | |
| | व्यवसाय सिफारिश (अन्य कार्यालयको लागि) | २००.०० | |
| | व्यवसाय प्रमाण पत्र शुल्क | १००.०० | |
| | निर्माण व्यवसायी इजाजत सिफारिश “क” वर्ग | ३०००.०० | |
| | निर्माण व्यवसायी इजाजत सिफारिश “ख” वर्ग | २०००.०० | |
| | निर्माण व्यवसायी इजाजत सिफारिश “ग” वर्ग | १०००.०० | |
| | निर्माण व्यवसायी इजाजत दर्ता “घ” वर्ग | ५०००.०० | |
| | निर्माण व्यवसायी नविकरण “घ” वर्ग | २०००.०० | |
| | **घर नक्सा पास दस्तुर** | | |
| | नक्सा पास किताब | ५००.०० | |

| | | | |
|---|---|---|---|
| | घर नक्सा निरीक्षण तथा सर्जमीन दस्तुर | ७५०.०० | |
| | घर नक्सा पास (ग्रामीण क्षेत्र) | ३.०० | |
| | घर नक्सा पास (बजार क्षेत्र) | ५.०० | |
| | भूइपक्की छाना टिनको भएको घर प्रति वर्गफीट | २.०० | |
| | काठको घर प्रति वर्गफीट | १.५० | |
| | कच्ची घर प्रति वर्गफीट | १.०० | |
| | कम्पाउण्ड वाल प्रति वर्गफीट | २.०० | |
| | घर निर्माण सम्पन्न प्रमाणित | १०००.०० | |
| | निर्माण भईसकेको पुरानो भवनको नक्सा पास | निर्माण भईसकेको पुरानो भवनमा माथि उल्लिखित दर लाग्नेछ र नक्सा पास अभिलेखीकरणको लागि अवधी तोकी सूचना जारी गर्ने साथै छुट पनि दिन सकिनेछ । | |
| | जग्गा नामसारी दस्तुर | २००.०० | |
| | **घर बाटो सिफारिश दस्तुर** | | |
| | **ग्रामीण क्षेत्र (प्रति कठ्ठा)** | | |
| | १ कठ्ठासम्म | ३००.०० | |
| | सो भन्दा माथि प्रति कठ्ठा थप | २५.०० | |
| | **बजार क्षेत्र (प्रति कठ्ठा)** | | |
| | १ कठ्ठासम्म | ५००.०० | |
| | सो भन्दा माथि प्रति कठ्ठा थप | ५०.०० | |
| | बैंक तथा वित्तीय प्रयोजन | १०००.०० | |
| | अंशबण्डा प्रयोजन | ५००.०० | |
| | पक्की घर कायम सिफारिस प्रति तला | ७००.०० | |
| | अर्धपक्की घर (सिमेन्ट वाल र जस्ताको छाना) | ५००.०० | |
| | कच्ची घर | २००.०० | |
| | **चारकिल्ला सिफारिस** | | |
| | ग्रामिण क्षेत्र (प्रति कित्ता) | ३००.०० | |
| | बजार क्षेत्र (प्रति कित्ता) | ५००.०० | |
| | मोही लगत कट्टा सिफारिस | ५००.०० | |
| | मोही नामसारी सिफारिस | १०००.०० | |
| | मोही बाडफाड सिफारिस | १५००.०० | |
| | अपुताली सिफारिस | २०००.०० | |
| | जोतभोगको सिफारिस | २००.०० | धनीपूर्जा प्राप्त र गाउँब्लक जग्गा |

| | | | |
|---|---|---|---|
| | | | वालाको लागि मात्र |
| | माग निवेदनको आधारमा अमिनबाट जग्गा छुट्याउँदा | २०००.०० | |
| | अन्य कार्यालयबाट हुने सर्जमिनमा रोहबर बस्दा | | अदालत बाहेक |
| | दूरी प्रमाणित सिफारिस | २००.०० | |
| | स्थायी बसोबास, चालचलन सिफारिस | २००.०० | |
| | आवासीय घर कोठा खोल्ने | ५००.०० | |
| | व्यवसायी घर कोठा खोल्ने | १०००.०० | |
| | आगलागीबाट नष्ट भएका संरचनाको बीमा प्रयोजन सिफारिस उद्योग, कलकारखाना | ५००.०० | |
| | आगलागीबाट नष्ट भएका संरचनाको बीमालगायत अन्य सिफारिस व्यक्तिको हकमा नि:शुल्क | ०.०० | |
| | **नागरिकता सिफारिश** | | |
| | बंसजको नागरिकता | २००.०० | |
| | जन्म र बैवाहिक अंगीकृत | ५००.०० | वैवाहिक अंगीकृत |
| | नागरिकताको प्रतिलिपि | २००.०० | |
| | **पेन्सनपट्टा सिफारिस** | | |
| | स्वदेश पेन्सनवाहक | ५००.०० | |
| | भारतीय पेन्सनवाहक | १०००.०० | |
| | अन्य तेस्रो मुलुक पेन्सनवाहक | २०००.०० | |
| | सहकारी दर्ता | १०००.०० | |
| | गैर सरकारी संस्था दर्ता | १०००.०० | |
| | क्लब, सामुदायिक संस्था दर्ता | ५००.०० | |
| | इन्सटिच्यूट/ट्यूसन सेन्टर दर्ता | ५००.०० | |
| | कर चुक्ता प्रमाण पत्र दस्तुर | १००.०० | |
| | **नीजि शिक्षण संस्था सिफारिस दस्तुर** | | |
| | पूर्व प्राथमिक विद्यालय | ५००.०० | |
| | आधारभूत तह | १०००.०० | |
| | माद्यमिक तह | १५००.०० | |
| | क्याम्पस तह | ५०००.०० | |
| | प्राविधिक शिक्षण संस्था | ३०००.०० | |
| | **वन कार्यालयमा गरिने सिफारिस** | | |
| | नम्बरी जग्गाको रुख कटान | १०००.०० | कानुनबमोजिम विकी गर्न पाइने कुकाठ प्रयोजन |

| | | | |
|---|---|---|---|
| | सहुलियत काठ उपलब्ध गराउने | ५००.०० | |
| | **सम्पत्ति मूल्यांकन दस्तुर** | | |
| | रुपैयाँ एक लाखसम्म | ५००.०० | |
| | सो भन्दा माथि प्रति लाख थप | ५०.०० | |
| | **वार्षिक आम्दानी प्रमाणित दस्तुर** | | |
| | वाषिक एक लाख रुपैयाँसम्म | ५००.०० | |
| | सो भन्दा माथि प्रति लाख थप | ५०.०० | |
| | अन्य सामान्य सिफारिस | २००.०० | |
| | जुनसुकै प्रकारका सर्जमिन दस्तुर | ५००.०० | सम्बन्धित सिफारिस दस्तुरमा सर्जमिन दस्तुर थप हुनेछ । |
| | अंग्रेजीमा प्रमाणित | | सम्बन्धित दस्तुरको दोब्बर दस्तुर लाग्नेछ । |
| | अविवाहित प्रमाणित | २००.०० | |
| | साविक गा.वि.स. को स्वामित्वमा रहेको पट्टावाला जग्गाको किनवेचमा सहजीकरण गरेवापत सेवा शुल्क सयकडा | ७.०० | |

अनुसूची- १३
(बुँदा नम्बर १८ सँग सम्बन्धित)

**नाता प्रमाणित दस्तूरको दररेट**

| कर शीर्षक | करको विवरण | दररेट रु. | कैफियत |
|---|---|---|---|
| १४२४५ | **नाता प्रमाणित दस्तुर** | | |
| | नेपालीमा | ३००.०० | |
| | काउन्सिलर प्रमाणितको लागि | ५००.०० | |